# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रुरुक्षेत्र गाउँपालिका
## गुल्मी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रुरुक्षेत्र गाउँपालिका

## गुल्मी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

रुरुक्षेत्र गाउँपालिका

गुल्मी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*


स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन,स्थानीय तह लेखापरीक्षण निर्देशिका , महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐननियम ,लाई आधार लिई लेखापरीक्षण सम्पन्न गरिएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन , खरिदव्यवस्थापन सम्पत्तिको ,व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय र परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एंव जवाफदेहिता, सेवा प्रवाह लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितालाई समेत दृष्टिगत गर्दै कार्यान्वयन योग्य सुझाव प्रदान गरी सुशासन कायममा सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तहमा नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ ।

यस वर्षको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन निर्माण गर्न बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्युन रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्राई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी वेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको लगायतका व्यहोराहरू देखिएका छन् ।

स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको देखिन्छ । जसले गर्दा सोही प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेका छन् । लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको देखिएन ।अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद दिन चाहन्छु।

**( तोयम राया )**

**महालेखापरीक्षक**

२०८१ जेष्ठ

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

मिति : २०८१।२।१

प.सं. २०८०।८१

च.नं. ६०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

रुरुक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

गुल्मी।

### १. कैफियत सहितको राय

हामीले रुरुक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूची, एकीकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले रुरुक्षेत्र गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. रुरुक्षेत्र गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू १ करोड ३५ लाख ८० हजार २५६ बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ३६ लाख ५४ हजार २२१ को प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू २० लाख २० हजार ६७०, नियमित गर्नुपर्ने रु. ६९ लाख १० हजार ३६५, प्रमाण पेश गर्नुपर्ने रु ९ लाख ९५ हजार रहेको छ । रुरुक्षेत्र गाउँपालिकाको गतवर्ष सम्म रु. ८ करोड ५१ लाख ०१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ९ करोड ५० लाख २७ हजार रहेको छ ।रुरुक्षेत्र गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने रुरुक्षेत्र गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा** -ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।



( घनश्याम पराजुली )

नायब महालेखापरीक्षक

रुरुक्षेत्र गाउँपालिका, गुल्मी

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४८ | २० | १३५८० | ० | ९ | ३६५४ | ४८ | ११ | ९९२६ | २०२१ | ६९१० | ९९५ | ० | ० | ९९२६ | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुरुक्षेत्र गाउँपालिका ,गुल्मी | ८५१०१ | ० | ० | ८५१०१ | ० | ९९२६ | ९५०२७ |

## ३ बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० | २.१ | असुल | **२८५** |
| | | ८ | असुल | **९३५** |
| | | २३ | प्रमाण | **२२३९** |
| | | २५.१ | असुल | **१९५** |
| | कुल जम्मा | | | ३६५४ |

पा लकाको अन्तिम लेखापरीक्षणको ववरण तल उल्लेख गरिएको छ ।

# परिचय



**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस रुरुक्षेत्र गाउँपालिकामा ६ वडारहेको छ भने क्षेत्रफल ६७.३७ वर्ग किलोमिटर तथा १६५९७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२८ देखि २०८०।६।१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजनतर्फ रु. ०, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय — व्ययतर्फ रु. १२६३३८१५७, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. १२६३३८१५७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ७१७१०००। असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| | अनुदान फिर्ता | ७१७१००० |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

२.

२.१ **पदाधिकारी सुविधा बढी भुक्तानी** -

✄.....*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०। १२।१४ को निर्णयबाट रु. २८५१२०।- सम्परीक्षण गरिएको ।)*

| असुल गर्नुपर्ने | ० |
|---|---|

२.२ **कर्मचारी पर्यटन काज** - पालिकाले कर्मचारीको आन्तरिक पर्यटन प्रवर्द्धन काज कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ स्वीकृत गरेको छ | आ.व. २०७९/८० मा कर्मचारी पर्यटन काज शिर्षकमा रु. ३० लाख बजेट विनियोजन गरेको छ | कार्यविधि अनुसार पालिकामा कार्यरत ७ जना कर्मचारीहरु अनुसूची-१ काज स्वीकृत गरी बमोजिम २०७९/१२/२९ देखि २०८० बैशक ४ गतेसम्म ६ दिन पोखरा र अन्नपुर्ण बेस क्याम्पसम्म पदयात्रामा गएको देखिन्छ |कार्यबिधि अनुशार पर्यटन काजमा गएको स्थानको फोटो तथा अन्य कागजतहरु संग्लन राखी ७ जना कर्मचारीहरुले एक महिनाको सुविधा वापतको रकम जम्मा रु. २७८९४६/- भुक्तानी लिएको देखिन्छ | कर्मचारी प्रोत्साहन सुबिधा समेत भुक्तानीलिएको अबस्थामा यस्तो अध्ययण, अबलोकन, भ्रमण तथा पर्यटन काज सम्बनधी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३.

३.१ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थमन्त्रालयको कार्यसचालन निर्देशिकाको परिच्छेद ७ को ७. ४. १ बमरजिम अतिरिक्त समय र बिदाको दिनमा कार्य गर्दा अर्थमन्त्रालय बाट नम्स स्वीकृत गराएर खाजा र खाना भुक्तानी दिनुपर्ने र कार्यसचालन निर्देशिका बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थमन्त्रालय बाट स्वीकृती लिनुपर्ने उल्लेख छ । पालिकाले कार्यसम्पदनमा आधारित प्रोत्साहन सुबिधा उपलब्ध गराउने सम्बन्धी कार्यबिधि,२०७९ तर्जुमा गरी मिति २०७९।९।१२ मा कार्यपालिका बाट स्वीकृत गराएको छ। कार्यबिधि बमोजिम पालिकाले

कार्यालमा कार्यरत २९ जना कर्मचारीलाई शुरु तलबस्केलको आधारमा न्युनतम २० देखी अधिकतम ३० प्रतिशत सम्म गरी १० महिनाको जम्मा रु २४,७६,९३७ उपलब्ध गराएको छ । पालिकाको आन्तरिक आय न्युन भएकोमा प्रोत्साहन भत्ता खर्च लेख्नु नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २४,७६,९३७ |

३.२ **बैठक सञ्चालन** - अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ को नियम ७.१.१ मा उल्लेखित मापदण्ड अन्तरगत बैठक भत्ता भुक्तानी गर्न बैठक कार्यालय समय अघि वा पछी हुनुपर्ने तथा कुनै पनी समितिको बैठकमा समितिका पदाधिकारी बाहेक सम्बन्धीत बिषय बिज्ञ बढीमा ३ जना सम्म आमन्त्रित लाई बोलाउन सकिने उल्लेख छ । पालिकाम गठन भएका राजश्व परामर्श समिति बिपद समिति लेखा समिति जस्ता बिभिन्न समितिको बैठकमा आमन्त्रित भनेर नियममा भएको ब्यवस्था भन्दा बढी कर्मचारीलाई बैठकमा सहभागि गराएर बिभिन्न मितिमा रु ४३६४०० बैठक भत्ता भुक्तानी गरेको देखिन्छ ।त्यसैले समितिमा रहेका पदाधिकारी बाहेक अन्य ब्यक्ती तथा कर्मचारी लाई बैठक भत्ता भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४ **लघुवित्त विकास कार्यक्रम -** गरिबी निवारणका लागि लघुद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सृजना गर्ने कार्यक्रमको लागि रु २३३४०३५ र स्तरोन्नती तालिम कार्यक्रमको लागि रु ४१५४०५। समेत रु २७४९४४०। खर्च गरेको छ । लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका अनुसार व्यवसाय संचालनको रुची तथा आवश्यकता अनुसार सरफ सावुन बनाउने ,ब्युटी पालर, पशुपालन, मुडा बनाउने सिलाई कटाई तालिम संचालन गरी खर्च गरेको छ । कार्यक्रम संचालन निर्देशिकामा तालिमबाट उत्पादित सामान वा वस्तुको गुणस्तर कायम गराउनु सम्वन्धित प्रशीक्षकको दायित्व हुने तालिमबाट उत्पादित समान वा वस्तुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधी भित्रै परल मुल्यको पचास प्रतिशत छुट मुल्यमा सहभागीलाइ विक्री राश्वा दाखिल गर्न सकिने र विक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई स्टोर दाखिला गर्नुपर्ने उल्लेख भएकोमा सो अनुसार उत्पादीत सामान वा वस्तुको विक्री भए नभएको विवरण सहितको अभिलेख राख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५ **स्यानीटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ९०८ जना रहेका छन। पालिकाले शर्सत अनुदानबाट १०६००थान स्यानिटरी प्याड रु. ९५८२४० (मु अ कर समेत) मा खरिद

गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **दिवा खाजा -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा विद्यार्थीको दिवा खाजाको लागि विद्यालय संचालन हुनासाथ दिवा खजा व्यवस्थापन गर्नुपर्ने उल्लेख छ ।आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सुचना प्रणालीमा समावेश भएको प्रारम्भिक बाल विकास देखि कक्षा ६ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर स्थानीय तहले प्रति विद्यार्थी दैनीक रु १५ का दरले वार्षिक रुपमा १८० दिनका लागि बजेट व्यवस्था गरी सोही आधारमा पालिकाले यस आर्थिक वर्षमा विभिन्न विद्यालयमा दिवा खाजाको लागि रु ४५५०५६८। विभिन्न विद्यालयलाई निकासा दिएको छ । विद्यालयले दैनिक विद्यालयमा उपस्थित विद्यार्थीहरुलाइ खाजा खुवाइएको भरपाई पेश गरी दिवा खाजा खर्च लेखेको छ । विद्यालयमा विद्यालय खुलेको करीव करीव पुरै समय विद्यार्थी उपस्थित भएको हाजिर भरपाइ पेश गरेको छ । उक्त पुरै समय विद्यार्थी विद्यालयमा उपस्थित भए नभएको स्थानीय तहबाट निरीक्षण गर्ने उल्लेख भएकोमा निरीक्षण गरि प्रतिवेदन पेश नगरेकोले विद्यालयले पेश गरेको भरपाइ बमोजिम विद्यार्थी उपस्थित रहेको भनि यकिन गर्न सकियन ।अत : स्थानीय तह तथा सम्वन्धित व्यक्तिले विद्यालयबाट दिएको दिवा खाजा कार्यक्रमको निरीक्षण तथा अनुगमन पुस्तिका तयार गरी राय सुझाव उल्लेख गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७ **नमुना विद्यालय -** नमुना विद्यालय शैक्षीक सुधारअनुदान : कार्यक्रम कार्यान्वयन पुस्तिकाको वुदा न ९.१२. मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदानको लागि अनुसुची १० मा उल्लेखित विद्यालयलाई स्वीकृत गूरुयोजनाका आधारमा निर्माण गरीएको वार्षिक कार्यान्वयन योजना अनुसार नमुना विद्यालय विकास एंवम संचालन निर्देशिका २०७४ मा उल्लेखित तत्कालिन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पुर्वाधार छात्रावास व्यवस्थापन शैक्षिक सुशासनका न्युनतम सर्त पुरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पुर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगतीसहित प्रस्ताव विद्यालयबाट पेश गर्न लगाउने उल्लेख छ । विद्यालयले पेश गरे अनुसार नमुना विद्यालय जनवोध माध्यमिक विद्यालयको व्यवस्थापन तथा शैक्षीक सुधार अनुदानको लागि रु ५० लाख विद्यालयलाई निकासा दिई खर्च गरेको छ । नमुना विद्यालय विकास एंव संचालन निर्देशिकामा २०७४ मा उल्लेखित तत्कालीन शैक्षीक सुधार हुने क्रियाकलापमा खर्च गर्नुपर्नेमा विद्यालयले निम्न कार्यक्रममा खर्च गरेको छ ।

| खर्चको विवरण | रकम |
|---|---|
| निजी श्रोत शिक्षक तथा कर्मचारीको तलव भत्ता | २४९९६७६। |
| अतिरिक्त क्रियाकलाप संचालन र व्यवस्थापन | ९९१८६। |

| | |
|---|---|
| शिक्षक कर्मचारी अवलोकन भ्रमण | २०००००। |
| विद्यार्थी शैक्षिक अवलोकन भ्रमण | १०००००। |
| गरिबी तथा जेहेन्दार विद्यार्थीहरुलाइ प्रोत्साहन | ७८८००। |
| शिक्षक कर्मचारी प्रोत्साहन भत्ता | १०१२४०। |
| खेलकुद तथा संगित तालिम | १००५८७। |
| | ३१७९४८९। |

नमुना विद्यालयको शैक्षिक सुधार हुने छात्रावास व्यवस्थापन शैक्षिक सुशासनका न्युनतम सर्त पुरा गर्ने गुणस्तरीय तथा समतामुलक शिक्षामा बालबालिकाहरुको सहज पहुचको आधार तयार गर्ने गुणस्तरीय शिक्षाका लागि विद्यालयहरु बीच प्रतिस्प्रर्धात्मक वातावरण सृजना गर्ने लागयतका कार्यक्रममा खर्च गर्नुपर्नेमा विद्यालयले निजि श्रोतका शिक्षक तथा कर्मचारीको तलव, विद्यार्थी शिक्षकको अवलोकन भ्रमण, शिक्षक कर्मचारीलाइ प्रोत्सहान भत्तामा खर्च गरेकोले नमुना विद्यालयको गुणस्तरीय शिक्षा तथा शैक्षिक सुधारमा खर्च भएको भनि यकिन नभएकको रु ३१७९४८९

| | |
|---|---|
| अनियमित भएको | ३१,७९,४८९ |

८ **स्थानीय भत्ता –**

✄.....*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०। १२।1४ को निर्णयबाट रु. १३५३९०।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९ **निशुल्क पाठ्यपुस्तक -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९-५_]मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टी गर्ने विल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख गरेको छ । पालिकाले सार्वजनिक बलेटकसार माध्यमिक विद्यालयलाइ विद्यार्थीको अनुपातमा निशुल्क पुस्तक वापत रु २१९५३५।निकासा दिनु पर्नेमा रु २३४०२६। निकास दिएकोले बढी निकासा दिएको असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,४९१ |

१०.

१०.१ **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ र प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध् गराउने हो भने पनि सार्वजनिक रुपमा निशुल्क वा न्यून शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । साथै सहकारी संस्था जस्ता सीमित व्यक्तलाई लाभ पुग्ने

संस्थालाई अनुदान दिंदा त्यस्ता सस्था विघटन भएमा फिर्ता लिने गरी सशर्त गर्नुपर्दछ। पालिकाले गाउपालिका कृषि चालु अन्तरगत कृषि बजार प्रवर्द्धन कार्यक्रम बाट वम्घा दुग्ध उत्पादक सहकारी सस्था लि लाई रु ३८८००० अनुदान उपलब्ध गराएको छ । यसरी अनुदान नाफामुलक संस्थालाई अनुदान दिने कार्य अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,८८,००० |

१०.२ **रुरुक्षेत्र सडक गुरुयोजना -** पालिका र एभरेष्ट ग्रुप अफ इन्जिनियरिङ्ग प्रा.लि. काठमाडौं बिचमा मिति २०७९ चैत्र १९ गते रुरुक्षेत्र गाउँपालिका अन्तर्गतका सम्पूर्ण सडकहरुको DPR गर्ने सम्झौता भएको छ ।परामर्शदाताले पेश गरेको डिपिआर प्रतिवेदन अनुसार पालिका अन्तर्गत जम्मा सडकको लम्बाई २०२.८२ कि.मि. रहेको र सो सडक कालोपत्रे गर्नको लागि २० वर्षभित्र निर्माण सम्पन्न गर्न रु. १४ अर्ब लागत अनुमान लाग्ने प्रतिवेदनमा उल्लेख छ ।पालिकाले डीपीआर मा उल्लेखित समय अवधिभित्र पालिका अन्तर्गत सडक स्तर उन्नति गर्न तर्फ विशेष ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०.३ **बिद्युत महशुल अनुदान** - पालिकाले रुरुक्षेत्र गाँउपालिकाको बिद्युत महसुल छुट दिने सम्बन्धी कार्यबिधि,२०७९ कार्यपालिका बाट स्वीकृत गरेको छ ।कार्यबिधिको परिच्छेद २ बुदा ३ र ४ अनुशार गाँउपालिका भित्रका बिद्युत प्रयोग गर्ने घरधुरीहरु मध्ये न्युनतम २० युनिट सम्म खपत गर्ने ग्राहाकहरुको रकम रिडि उप बितरण केन्द्र र ३ वटा ग्रामिण बिद्युतिकरण उपभोक्ता समुहको खातामा पठाउने ब्यवस्था उल्लेख गरिएको छ । जसको लागि पालिकाले आ ब २०७९।०८० को बजेटमा बिद्युत महशुल अनुदान शिर्षकमा रु १० लाख बजेट विनियोजन गरी पालिका अन्तरगत न्युनतम महशुल प्रयोग गर्ने जम्मा ३७२१ ग्राहाकहरुको लागि रु ९३२८५० सम्बन्धीत संस्थाहरुको खातामा भुक्तानी गरेको देखिन्छ ।सम्बन्धीत संथाहरुले उपलब्ध गराएको महशुल भुक्तानी सम्बन्धी भरपाई परिक्षण गर्दा जिरो युनिट बिद्युत खपत हुने ग्राहकहरुको समेत महसुल भुक्तानी भएको देखिन्छ ।थानपति, बलेटक्सार र रिमुवा ग्रामीण बिद्युतिकरण उ स बाट जिरोयुनिट खपत गर्ने ग्राहकहरुको विवरण उपलब्ध नभएकाले संख्या एकिन गर्न सकिएन । रिडी उप बितरण केन्द्रमा न्युनतम बिद्युत महसुल खपत गर्ने २५३४ जना ग्राहकहरु मध्ये २९२ जना जिरो युनिट खपत गर्ने ग्राहकहरुलाई समेत प्रतियुनिट रु ३० को दरले २९२ जनाको ९ महिनाको प्राधिकरण लाई रु ७८८४० भुक्तानी भएकाले पालिकालाई आर्थिक ब्ययभार बढी परेको देखिन्छ । पालिका अन्तरगत बिद्युत मिटर जडान गरेका तर लामोसमयसम्म बिद्युत महसुल प्रयोग नगर्ने ग्राहकहरु को संख्या बिद्युत प्राधिकरण र ग्रामिण बिद्युतिकरण उ स सँग समन्य गरी छानबिन गरेर लगत कट्टा गरी बिद्युत महशुल अनुदानमा मितब्ययितता कायम गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०.४ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन

गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ | जसको लागि संघीय मामिला मन्त्रालयले स्थानीय तहको लागि आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ सबै स्थानीय तहलाई उपलब्ध गराएको देखिन्छ ।पालिकाले आ.व. २०७९/८० मा कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने भनी रु.३०००००/- बजेट विनियोजन गरेको छ | पालिकाले कोटेशनको माध्यमबाट इन्ष्टिच्युट अफ हिमालय रिसर्च एण्ड इन्टिग्रेट डेभलपमेन्ट प्रा.लि.लाई छनौट गरी मिति २०८०/३/२ सम्झौता गरेको छ र आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरेको भनी सम्बनधीत परामर्शदातालाई रु २९९७८९ भुक्तानी गरेको छ । परामर्शदाताले उपलब्ध गराएको आन्तरीक नियन्त्रण सम्बन्धी दिग्दर्शन र सघियमामिला मनत्रालयले उपलब्ध गराउको दिग्दर्शनमा कुनै परिमार्जन देखीदैन । अत; पालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ र आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ लाई आधार मानी आफैले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा उल्लेखित व्यवस्था विपरित बाह्य परामर्शदाताबाट कार्य गराएको नियमसंगत नदेखिएको रु. २९९७८९

| | |
|---|---|
| अनियमित भएको | २,९९,७८९ |

१०.५ **शिर्षक फरक** - महालेखा नियन्त्रक कार्यालयको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम बिनियोजित बजेट सम्बन्धित खर्च शिर्षक अन्तर्गत रहेर शिर्षक फरक नपर्ने गरी खर्च लेख्नु पर्ने ब्यवस्था छ।पालिकाले निम्नन अनुशार खर्च रकम भुक्तानी गर्दा शिर्षक फरक पारी भुक्तानी गरेको अनियमित देखीएको रु ४४६१५०

| भौ.नं., मिति | खर्च हुनुपर्ने | खर्च भएको शिर्षक | रकम |
|---|---|---|---|
| ५५८-२०८०/३/२४ | बैठक भत्ता | अनुगमन मुल्यांकन | ३७११५० |
| ५७८-२०८०/३/२४ | सवारी भाडा | भैपरी विविध | ७५००० |
| जम्मा | | | ४४६१५० |

| | |
|---|---|
| अनियमित भएको | ४,४६,१५० |

११ **औषधी खर्च -** पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय हस्तान्तरण चुल शसर्त बजेट उप शिर्षकबाट देहायका फर्मसँगई इविडिङबाट रु १४६३७४२ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा प्रयोग र मौज्दात समेत यकिन भएन

। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **हेफर कार्यक्रम -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा जनचेतना सम्वन्धी तालिम अभिमुखिकरण सबलीकरण मुल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउदा छिट छरीतो प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकेबमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सकिने उल्लेख गरेको छ ।"रुरुक्षेत्र कृषि तथा पशु उद्यमशिलता विकास परीयोजना" संचालनको लागि रुरुक्षेत्र गाउँपालिका र हेफर प्रोजेक्ट नेपाल विच रु ४३२०००००।को लागतमा मिति २०८०।३।१६ सम्म कार्यक्रम संचालन गर्ने गरी मिति २०७८।४।५ मा सम्झौता भएको छ । कुल लागत मध्ये २५ प्रतिशतले हुने रकम रु १०८०००००।हेफर प्रोजेक्ट नेपाल र बाँकी ७५ प्रतिशत ले हुने रु ३२४०००००।गाउँपालिकाले व्यहोर्ने सम्झौतामा उल्लेख गरेको छ ।परीयोजना व्यवस्थापनको नेतृत्व हेफर प्रोजेकट नेपालले गर्ने छ भने परियोजनाको कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपाल र स्थानीय गैर सरकारी संस्था सामाजिक श्रोत विकास केन्द्र नेपालको हुनेछ ।

**परीयोजनाको उद्देश्य -** आवद्ध लाभग्राहीलाई स्वालम्वी समुहहरु तथा सहकारीमा आवद्ध गर्दै सामाजिक पुँजिको अभिवृद्धि गर्नु, व्यवसायीक कृषि, तरकारी तथा फलफुल उपजहरुको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नु तथा वजार व्यवस्थापनमा सुधार गर्नु, वाख्राको उत्पादन, उत्पादकत्व र कृषकको उद्यमशिलता अभिवृद्धि गरी बजार व्यवस्थापनमा सुधार गर्नु रहेको छ ।परीयोजनाको मुख्य गतिविधिमा बाख्र खरिद तथा ढुवानी, बोयर बोका अनुदान, युवा उद्यम अनुदान खोर निर्माण, टनेल निर्माण, गाइ वितरण वागवानी तथा ढुवानी, कृषि सामाग्री तथा उपकरण, तालिम प्राविधिक सेवा तथा मुल्यांकन लगायतका मुख्य कार्य गरी यस वर्ष रु १५७७७८८०। भुक्तानी भएको छ ।यस सम्वन्धमा देखियको व्यहोरन निम्न व्यहोरा देखियो । सम्झौताको दफा ७.२.८अनुसार पालिकाले तोकेको कार्यातालिका अनुसार हेफर प्रोजेक्ट नेपाललाइ पेश्की स्वरुप रकम उपलव्ध गराई रु १५७७७८८०।को विल भरपाई पेश भई पेश्की फछर्यौट भएको छ । साझेदार सस्था हेफर प्रोजेक्ट नेपालबाट सम्झौता बमोजिम खर्च हुनुपर्ने रु ४९३०३००।को विलभरपाई र प्रगती प्रतिवेदन लेखापरीक्षणको लागि पेश भएको छैन । सस्थालाई पेश्की दिदा बैक जमानत लिने प्रावधान सम्झौतामा नभएको चालु प्रकृतीको खर्च र आम्दानीको सुनिश्चता र बजेट स्वीकृत नहुदै बजेट विनियोजन र खर्च सिद्धान्त विपरित वहुवर्षिय सम्झौताको रुपमा साझेदारीको रुपमा सम्झौता गरेको छ । हेफरले नेपाल स्थानीय गैरसारकारी सस्था सामाजिक श्रोत विकास केन्द्रसंग सम्झौता गरी कार्यक्रम संचालन गरेको छ । लगानीबाट स्थानीय जनतामा परेको सकारात्मक प्रभाव मुल्यांकन र सम्पत्ती हस्तान्तरण सम्वन्धी कार्यहरु गरेको पाइयन ।

**कार्यक्रमको उपलव्धी -** उपलव्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ । यसले गर्दा यो कार्यक्रम संचालन पुर्व लक्षित परिवारहरुको वार्षिक आम्दानी तथा जिविकोपार्जनको वास्तविक अवस्था यकिन गरेको छैन भने कार्यक्रम संचालन पश्चात लक्षित परिवारहरुले आम्दानी बृद्धि तथा जिविकोपार्जनमा कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्ने अवस्था रहेन ।वस्तुगत

आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम संचालन गरेकोले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आश्वत हुन सकियन ।

**कर्मचारीको परिचालन -** पालिकामा कार्यरत कर्मचारीहरुले गर्न सकने कार्यक्रमहरु पालिकाले आफैले स्वामित्व लिने गरि कार्यक्रम संचालन गर्नुपर्दछ ।पालिकाले हेफर प्रोजेक्ट सस्थासंग सम्झौता गरेका मुख्य कार्यक्रमहरु बाख्रा खरिद तथा वितरण, गाई खरिद तथा वितरण, खोर निर्माण, टनेल निर्माण, विउ तथा घांस वितरण तथा सचेतना सम्वन्धी तालिम जस्ता कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुबाट गराउन सक्नेमा कर्मचारीहरुबाट नगराई गैरसरकारी संस्था मार्फत गराउनु नियमसम्मत देखिएन ।

**विल विजक -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मुल्य अभिवृद्धिकर दर्ता प्राप्त गरेका व्यक्ती फर्म सस्थाबाट गर्नुपर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मुल्य अभिवृद्धिकर दर्ता भएकाबाट गर्नुपर्ने व्यवस्था छ ।मुअकर ऐन अनुसार कुनै कारोबारमा संलग्न हुन चाहाने व्यक्तिले कारोबार शुरु गर्नुभन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र वस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई कर विजक दिनुपर्ने व्यवस्था छ ।पालिकाले हेफर प्रोजेकट नेपाललाई रु १५७७८८०।भुक्तानी गरेको र हेफर प्रोजेक्ट नेपालले स्थानीय साझेदार गैर सरकारी सस्था सामाजिक श्रोत विकास केन्द्र नेपाल मार्फत कार्यक्रम संचालन गरायकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानीय गैर सरकारी सस्थाले नियम अनुसार कारोवारको कर विजक पेश गरेको छैन ।कानुन अनुसार विल विजक जारी नै नगरी आर्थिक कारोबार गरेकोले नियमसम्त देखिएन । यस आर्थिक वर्षमा साझेदारी सस्थामार्फत वितरण गरेको वाख्रा गाई युवा उद्यम अनुदान अन्तर्गत खरो तथा टनेल निर्माण कृषक समुहलाई वोयर बोका वितरण सहकारी सस्थालाई चिलिङ्ग भ्याट अनुदान तालिम लागायतका कार्यक्रम संचालन भइ खर्च लेखेकोमा पालिकाबाट उपलव्धी र प्रभावको अनुगमन गरी विश्लेषण गरेको देखियन। पालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली विपरीत हेफर प्रोजेक्ट नेपाल र स्थानीय गैर सरकारी सस्था सामाजिक श्रोत विकास केन्द्र नेपाल मार्फत सम्झौता गरी खर्च लेखेको छ।

कृषि तथा पशु उद्यमशिलता विकास (हेफर) कार्यालय र हेफर प्रोजेक्ट नेपालबीच कृषि तथा पशु उद्यमशिलताको लागि उपकरण प्रविधि, मलविउ र बाख्रा, बोका, गाइ, भैंसी खरिद र वितरण कृषि उपजको प्रयोजन गर्न चिलिङ्गभ्याट, जस्ता समाग्री र खेती प्रणाली उत्थानको लागि २०७८।०७९ र ०७९।०८० को लागि देहायको बजेट व्यवस्थापन गरी गैरसरकारी संस्था सहलगानीमा कार्यक्रम सञ्चानन भएको छ । हेफरको संस्थाले सञ्चालनको लागि रु. ३२४००००००।- समेत रु. ४ करोड ३२ लाख लगानीमा हेफर संस्थाले सञ्चालन गर्ने लक्ष्य रहेकोमा पालिकाको रु. ३ करोड २४ लाख वा ६५ प्रतिशत रहेको हेफर प्रोजेक्टको संस्था सञ्चालन र परिचलालनको रु. १०६९३२५९।- वा २५ प्रतिशत समेत रु. ४२७७३०४०।- खर्च भएको छ । सो कार्यको यो वर्ष मूख्य कार्य देहाय वमोजिम छः

| सि.नं. | कृयाकलाप | लक्ष्य | प्रगती | खर्च रु. हजारमा |
|---|---|---|---|---|
| 1. | खोर सुधार | १०९ | १२६ | १७४४ |
| 2. | भकारो सुधार | ७१ | ९३ | १०३० |
| 3. | चिलिङभ्याट | १ | १ | ४९० |

| | | | | |
|---|---|---|---|---|
| 4. | कृषिजन्य उपकरण | २३६ | २३९ | ४९४ |
| 5. | तरकारी विउ | १००० | ११७८ | ४८१ |
| 6. | मागमा आधारित पशु उद्यमशिलता | ३ | ३ | ८९० |
| 7. | मकै पकेट | ७४ | ७४ | २२२० |
| 8. | वोयर बोका | ४ | ३ | ६०० |
| 9. | गाई उपहार | ३५० | ३५० | १४९१ |
| 10. | डाले र भूइघाँस | २ | २ | ३१० |
| 11. | हाते ट्याक्टर | ४५ | ४५ | १८०० |
| 12. | कुटानी पिसानी | १००० | ११८६ | ६६१ |
| 13. | अन्य तालिम | ६ | ६ | २२५ |
| 14. | समिक्षा वैठक | ३० | ३० | ६६० |
| 15. | स्रोत व्यक्ती स्वास्थ्य परिचाल र अनुगमन | | | २३२३ |
| | | | | १५४१९ |

माथिको तालिकामा खोर सुधार १२६ गरी बाखा र वोयर बोका समेत ३५२ गरी रु. ३५४५०००।- खरिद गरी वितरण गरेको पाइयो । वितरण गरेको बाखाको स्रोत केन्द्र, केन्द्रको कारोबार र कर देखिने विवरण राखेको देखिएन । पालिका भित्र घर परिवार अनि पेशासँग आवद्ध भएकालाइ प्रवर्द्धन र प्रोत्साहनको लागि वाखा वितरण र खोर निर्माण पालिका र संस्थाबाट भएको पहिचान राखु पर्नेमा सो नभएकाले अनुगमन गर्न कठिन भएको अवस्था दिखियो । व्यक्तिगत तहमा वितरण गर्नु उचित देखिएन ।

· भकारो सुधार ९३ वटा र गाई उपहार समेतमा रु. २८३००००।- खर्च गरी व्यक्तिलाई वितरण गरेको पाइयो । परिवार पेशा, हेफर र पालिकाको संयुक्त लगानीबाट वितरित वर्षगत देखिने पहिचानको अभिलेख लक्षित वर्गका नगद योगदान नदेखिएकाले वाखापालन जस्तै गाइ वितरण गर्नु उचित देखिएन । अन्यत्र निकायले समेत यस प्रकारको कार्य हुने गरेकाले दोहोरोपनाको अनुगमनले नियन्त्रण गर्नुपर्दछ । लक्षित वर्गको उत्पान र विक्रिमा यो लगानीबाट योगदानको अलग विश्लेषण गरेको देखिन्छ । अनुदानबाट उत्पानदन भएको वस्तुको पालिकाभित्र मूल्य सहुलियतमा विक्री वितरण गर्ने व्यवस्था गरी स्वच्छ वजार व्यवस्था हुनुपर्छ । मागमा आधारित पशु उद्यमशिलताको ७४ वटाको लागि रु.२२२००००।- समेत खर्च गरेको छ । सो को नतिजा सयुक्त रुपमा अनुगमन गर्नुपर्दछ ।

· हेफर परियोजनाबाट सम्झौताको लक्ष्य वाहिर बोलेरो जिप पिकअप १ वटा रु. १२२००००।- हातेटयाक्टर ५८ वटा रु. १७६९०००।- र गुण प्रशोधन मेशिन रु.३९९५०००।- लगायत कर्वसेलर र छात्रवृत्ति बापत समेत रु. ७२४५०६० थप अनुदान दिएको विवरण पेश भएकोमा कुन व्यक्ति वा संस्थाले कुन कामको लागि थप विवरण नखुलाइ रु. ७२ लाख ४५ हजार वितरण गरी प्राप्ति परिचालनको

अवस्था उपकरणको अवस्था र उत्पादन विक्री प्रवर्द्धन सुक्ष्म अनुगमन हुनुपर्दछ । यो कार्यक्रमबाट बाख्रा उपहारा ५२६, बोयर बोकाको २ र बोका ४० गरी ५६८ संख्या बोकाबाख्रा वितरण,वंगुर ६३ गरी जम्मा ६३१ रहेको छ । गाई, भैसी ,माछा ७ स्थान समेत आयोजनाले ७८ सहयोग गरेकोमा पालिकाको पहिचान खुल्ने गरी अभिलेख नहुदा अलग अनुगमन हुने अवस्था देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

१३ **अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु ५०३०७२० तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु. १०७०७२७ गरी रु. ६१०१४४७ अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीतितय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१४ **मकै अनुदान -** आर्थिक वर्ष २०७८।७९ मा स्थापना भएको बालि पकेट विकासको निरन्तरताको लागि संघीय शसर्त हस्तान्तरित चालु कार्यक्रममा रु ६०००००।विनियोजन भएकोमा उक्त मकै पकेट बाली निरन्तरता कार्यक्रम पालिकाको कृषि तथा पशु शाखाबाट संचालन गरी खर्च लेखनु पर्नेमा गाउँपालिकाले साझेदारी सस्था हेफर प्रोजेक्ट नेपालसंग गरेको सम्झौता अनुसार पालिकामा बजेट अपुग भएको भनि स्थानीय गैर सरकारी सस्था समाजिक श्रोत विकास केन्द्र नेपालको सहजीकरणमा मकै पकेट निरन्तरता कार्यक्रमको लागि प्रगतीशिल महिला स्वालम्वी र लगनशिल महिला स्वालम्वी समुह छनोट गरी मकैको विउ तथा कृषि उपकरण वितरण गरी रु ६०००००। खर्च लेखेको छ ।मकै पकेट बालि विकासको निरन्तरता कार्यक्रम पालिकाको कृषि तथा पशु शाखमा कार्यरत कर्मचारीबाट संचालन गरी खर्च लेखनुपर्नेमा गैर सरकारी सस्थासंग सम्झौता गरी खर्च लेखेको छ।

| सैद्धान्तिक बेरुजु |
|---|

१५ **वितरणमुखी प्रर्वधनात्मक खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीयले आय आर्जन र सचेतना जस्ता नतिजा दिन कार्यक्रम छनौट गर्नुपर्दछ । कार्यालयले वितरणमुखी, प्रतिफल नदिने मा खर्च नियन्त्रण गरी यथार्थता आधारित पारदर्शी तवरले कार्यक्रमत तयार गरी नियन्त्रण गर्नुपर्दछ ।

| भौ.नं. | मिति | रकम | प्रगति | संख्या |
|---|---|---|---|---|
| १७१ | २०८०।१।२१ | २३८९८५ | एक घर एक धारा | १४ |

| | | | | |
|---|---|---|---|---|
| २४० | २०८०।२।२४ | १९३७३७ | एक पालिका एक नर्सरी | १ |
| २८० | २०८०।३।५ | ४८४०९१ | टनेल/ गरा सुधार | २०/१५ |
| २९० | २०८०।३।१२ | २२०००० | भकारो सुधार | २२ |
| २९७ | २०८०।३।१२ | ६०००० | लाखेको कपडा | १ |
| ३०९ | २०८०।३।१९ | ४८५००० | दुवो रोपण | ५००० वर्गफुट |
| ३६० | २०८०।३।२३ | ९९९९० | मौरीघार वितरण | ५० |
| | जम्मा | १७८१८०३ | | |

सैद्धान्तिक बेरुजु

१६ **खर्च मितव्ययिता -**

१६.१ काममा किफायती - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ वमोजिम उपलब्ध स्रोत साधान समुचित उपयोग भएको यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । देहायका तालिकाको कामको परीक्षण गर्दा देखिएका व्यहोरा निम्न बमोजिम छन्

| कामको विवरण | इटाको गारो | ढुङ्गाको गारो | स्टिलको काम | कङक्रिट |
|---|---|---|---|---|
| कोल्डस्टोर | १८३.७२ | ० | ० | ६९.०४ |
| सभाहल | २८.३१ | ० | ० | ० |
| वडा नं. ६ कार्यालय | २१.२६ | ० | ० | ० |
| स्वास्थ्य चौकी | २१.९७ | ० | ३.६३ | २३.४४ |
| नमूना विद्यालय निर्माण | ८५.६५ | ० | ११.३८ | ९१.१ |
| रानीवास व्रम्हदिप सडक | ० | ४३४.६६ | ० | ० |
| जम्मा | ३४०.९१ | ४३४.६६ | १५.०१ | १८३.५८ |

• इटाको काम- माथिको तालिकामा ६ योजनामा प्रयोग भएको ३४०.९१घनमिटर इटाको गारोको काममा प्रतिघमि ५३० को लागि प्रति गोटा रु. २३ का दरले (५३०*२३*३४०.९१) हुने रु. ४१५५६९२।९० लागत अनुमान गरी काम गरेको पाइयो । तराइबाट इटा खरिदमा रु.१२।- प्रतिगोटाले खरिद गरेको देखिन्छ । प्रति घनमिटरको लागि रु. ३७६।- गोटामा १ घमि गर्न सकिने देखिन्छ । सो अनुसार

(३७६*१२*३४०.९१) ले हुने रु.१५३८१८५।९२ काम गर्न सकिने अन्य निकायको लागत अनुमानबाट देखिन्छ । अत : निर्माणमा उपयोग भएको इटाको संख्या गणाना भएको कामबाट गर्न सकिनेमा सो नगर्दाको रु. २६१७५०६।९८ बढी लागतलाई स्रोतको शुनिश्चित र मितव्ययी उपयोग मान्न सकिने अवस्था नभएकोले सुधार गर्नुपर्ने देखिन्छ ।

• ढुङ्गाको गारो- सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली, २०६९ को दफा १० मा निर्माण कार्यमा मितव्ययी र यथार्थपरक हुने गरी लागत अनुमान गर्नुपर्दछ । रानीवास ब्रम्हदिप सडकमा ढुङ्गाको गारो ४६४.६६ घनमिटर लगाउँदाको दर विश्लेषणमा मेशिन उपकरण प्रयोग गरी मसला बनाउँदा सडक विभागको नर्म्स बमोजिम १ जना ज्यामी न्यून लाग्नेमा सो कट्टा नगरेको र मेशिनबाट मसला बनाएर काम गराउँदा रु. ८२०४।५८ हुनेमा मानवद्वरा रु. १००८२।- हुँदा प्रति घनमिटर १८७६।४२ प्रति घनमिटरमा बढी व्यय हुँदा ४६४।६६ घनमिटरको रु. ८७१८९८।- व्ययभार परेको देखिन्छ । सडकको नर्म्समा ज्याला खर्च न्यून हुँदा तुलनात्मक दर विश्लेषणबाट लागत यकिन हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६.२ फलामे डण्डी- माथिको तालिकामा २ योजनाको १५.०१ टन फलामे डण्डीको प्रयोग भएको देखिन्छ । फलामे डण्डी आधुनिक मेशिनबाट गर्न सकिन्छ । सडकको नर्म्समा ७ र ९ र भवनको नर्म्समा १२ र १२ दक्ष र अदक्ष ज्याला राखेको अवस्था छ । एउटै काममा अलग व्यवस्था हुनु उचित भएन । फलामे डण्डी १५.०१ मेट्रिक टनको प्रतिकेजी ज्यला रु.३० फरक देखिँदा रु. ४३५२९०।- व्ययभार पर्ने गरी लागत अनुमान तयार भएको छ । मेशिनरी औजारबाट काम गराउँदा लागत कमी हुने देखिन्छ ।

• एम २० को कङक्रिट मेशिन उपयोग गर्दा प्रतिघनमिटर रु. १०९६७।- पर्नेमा उपकरण प्रयोग नहुँदा रु. १४२१९।- हुने गरी लागत अनुमानको दर विश्लेषण देखिन्छ । प्रतिघनमिटर रु. ३६५२ को दरले माथिको तालिकामा २ योजनाको १८३.५८ घनमिटरको रु. ६७०४३५।- बढी लागत अनुमान तयार गरी भूक्तानी भएकाले तुलनात्मक दर विश्लेषण गरी खर्च यथार्थपरक बनाउनु पर्छ ।

सैद्धान्तिक बेरुजु

## १७ मूल्य समायोजन-

१७.१ मूल्य समायोजन- सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली, २०६९ को नियम ११९ (२) झ मा मूल्यवृद्धि र मूल्य सम्बन्धी प्रवधान ३३०८४ पुरा गर्नुपर्ने अन्य सर्त तथा बन्देजको व्यवस्था छ । प्रशासकीय भवन निर्माणमा देहायको विल रु. ३३०८४४८२।- भूक्तानी गरेको पाइयो । भवन निर्माण अन्तिम चरणमा पुगेको अवस्था छ । यो वर्ष चौथो विल देखि नवौं विल सम्मको विल रु.१७६३३६७०।- समेत हाल सम्म ३३०८४४८२।- मुअकर बाहेक मूल्ये वृद्धि बाहेक भूक्तानी गरेको पाइयो । कार्यालयले २-०७८।५।२७ मा लगेको रु. ११०००००० ।- पेश्की मध्ये रनिङ विल ४ देखि ७ सम्म र.९११६५०७।- पछ्यौंट गरी बाँकी रु. १८८३४९३।- रहेको छ । उक्त पेश्कीबाट भएको कामको मूल्यवृद्धि दिन पाइने व्यवस्था देखिएन । कार्यालयले २ वर्ष व्यतित हुँदा समेत पेश्की फछ्यौंट नगरेको पेश्कीबाट भएको कामको अभिलेख र नियमन नहुँदा पेश्कीको मूल्यवृद्धि दिन नपाउने र विलको ४०

प्रतिशत पेश्की फछ्र्यौट समेत गरेको नपाएकोले सर्तको पालना भएको पाइएन । देहायको रनिङ विलबाट मूल्यवृद्धि दिँदा पेश्की कट्टा गरेको नपाइएको असूल हुनुपर्ने रु.१५३४०७१।

| रनिङ विल | विलको रकम | पेश्की | मूल्यवृद्धि मानक | रकम |
|---|---|---|---|---|
| ४ | ३६३६४४०.६ | १६३९१५२ | १.१०५४ | १७२७६६.६२ |
| ५ | ४९५२९४८.४ | २५११९०० | १.१७०७ | ४२८७९४.९८ |
| ६ | ५७६२१५८.८ | २९८६६४८ | १.१८८४ | ५६२६८४.५ |
| ७ | ३२९२१२३ | १९९८७२७ | १.१८६९ | ३६९८२४.०७ |
| | | | जम्मा | १५३४०७०.२ |

| असुल गर्नुपर्ने | १५,३४,०७१ |
|---|---|

१७.२ मूल्यवृद्धि दिँदा नेपाल राष्ट्रबैंकको होलसेल मूल्यवृद्धि मानक निर्धारण गरी गणनाको आधारका दिएको पाइयो पालिकाले स्थानीय निर्माण सामाग्रीको जिल्दा दररेट अनुसार सो मानक बढेको देखिदैन । मूल्य समायोजन वास्तविक नभएकोले वास्तविक आधारमा मूल्य समायोजन गर्नुपर्दछ । जिल्ला दररेटको मूल्य देहाय अनुसार छ ।

| विवरण | २०७८।०७९ | २०७९।८० | फरक | वृद्धि |
|---|---|---|---|---|
| सिकर्मी/डकर्मी | ९५५ | १००० | ४५ | ०.०४७ |
| श्रमिक | ६८५ | ७१५ | ३० | ०.०४३ |
| ढुङ्गा | १६०० | १७६० | १६० | ०.१ |
| गिट्टी | ३५०० | ३५०० | ० | ० |
| बालुवा | १७०० | १७०० | ० | ० |
| सिमेन्ट | ७५० | ७२५ | २५ | ०.०३ |
| स्टिल | ८० | १०३ | २३ | ०.२८ |

निर्माण काममा उपयोग हुने ढुङ्गा गिटी वालुवा र श्रमिक स्थानीय निर्माण सामाग्रीको मूल्यवृद्धि दिन उचित नदेखिएकाले निर्माणमा प्रयोग भएको काम कट्टा गरी यथार्थ मूल्यवृद्धि गणना नगरेकोले यकिन हुन सकिएन । यकिन गरी नपाउने मूल्यवृद्धि असूल हुनुपर्दछ ।

• बोलपत्र कागजातमा निर्माण गर्न ज्याला, निर्माण सामान र उपकरणको बनौट क्रमशः ०.१३, ०.६९ र ०.०३ गरी ०.८५ कायम गरी सम्झौता गरेको पाइयो । सो कम्पोजिसनको तथ्यगत आधार विश्लेषण नहुँदा मूल्यवृद्धि यथार्थ गणाना भएको देखिएन ।मूल्यसंरचनाको यथार्थ गणाना गर्नुपर्दछ ।

• सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली, २०६९ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुगमन अनुसूची १ को (ख) मा बजेटको लागि लागत अनुमानको मूल्य समायोजन १० प्रतिशत र भौतिक कन्टेन्जेन्सी १० प्रतिशत लागतमा थप गर्न व्यवस्था रहेकोमा सोही नियमको नियम ११९ (३) मा युक्त सम्झौताको २५ प्रतिशत सम्म हुने व्यवस्था हुनु लागत अनुमान र मूल्य समायोजनको सीमा लागत अनुमानको तुलनामा उचित र न्यायसम्मत नदेखिदा रु. ७६८२८९५।४० मूल्यवृद्धि दिएकोले यकिन भएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

१८ **प्रशासकीय भवन -** प्रशासकीय भवनको नवौं विलबाट रु. १२९१२२००।- खर्च लेख्दा विगत विलमा बढि भूक्तानी भएको रु. १७९४८४५।- कट्टा गरेकोमा सोको ०.१८८४ को दरले हुने मूल्य अभिवृद्धि कर कट्टा गरी असूली गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३,८२,१०८ |
|---|---|

१९ **पूँजिगत खर्च -** पालिकाको यो वर्ष रु. २४ करोड ४२ लाख २९ हजार बजेट व्यवस्था गरी पूँजिगतमा रु. १६ करोड २३ लाख ३७ हजार खर्च गरेको छ । प्राप्त विवरण अनुसार देहायकमा खरिद प्रकृयाबाट खर्च गरेको देखियो । अन्य विवरण पेश नभएकोले उल्लेख गर्न सकिएन ।

| खरिद विधि | संख्या | लागत अनुमान | सम्झौता रकम | खर्च रकम |
|---|---|---|---|---|
| शिलबन्दी/खुला प्रतिस्पर्धा | १० | ० | ० | ३६३३२ |
| दरभाउपत्र लिइ सोझै | २३ | ० | | ० |
| उपभोक्ता समितिबाट | ३८२ | १३२६५९ | १३५६५९ | १२०३५६ |
| | ४१५ | १३२६५९ | १३५६५९ | १६२३३७ |

उपभोक्ता समितबाट ३८२ योजनाको रु. १३ करोड २६ लाख ५९ हजारको लागत तयार गरी रु. १३ करोड ५ लाख १८ हजार बराबरको काम गरी रु. १ करोड २ लाख ५२ हजार मूल्याङ्कन योगदान साझेदारी गरी बाँकी रु. १२ करोड ३ लाख ५८ हजार खर्च गरेको विवरण पेश भएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२० **तालिम कार्यक्रम -** पालिकाको पारित नर्म्स र तालिम नर्म्सले मितव्ययी हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । देहायको कार्यक्रम चलाएर खर्च लेख्दा मितव्ययी र मापदण्ड बमोजिम नहुँदा र अनावश्यक अनुगमन खर्च उचित नदेखिएको असुली गरी आउँदा दिनमा नियन्त्रण गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | बजेट | विषय | प्रशिक्षण आवास | प्रशिक्षण खाना | प्रशिक्षण खर्च |
|---|---|---|---|---|---|
| ४५-०८०।२।१९ | ५००००० | इसिडि सहजकर्ता क्षमता विकास | ९८०० | ११२०० | ० |
| ७३-०८०।३।१३ | २५६४४० | इएमआइएस तालिम | ३००० | ४५०० | १२००० |
| ८१-०८०।३।२० | २८६५५४० | पेशागत क्षमता गणित विज्ञ | १०००० | १४००० | ६००० |
| ८२-०८०।३।३१ | १६१५०० | सूत्र प्रविधि आइसिटी तालिम | ३००० | १०५०० | ६००० |
| जम्मा | ३७८३४८० | ९०००० | २५८०० | ४०२०० | २४००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,००० |

२१ **सफ्टवेयर सञ्चालन-** ३००-०८०।३।१५ VEDA MIS- Software ७ विद्यालयको लागि इन्ग्राल प्रा.लि.बाट २ वर्षको लागि आपूर्तकबाट वार्षिक रु. ८८०५३०।९७ को दरले २ वर्षको मुअकर समेत रु. १९९००००।- भूक्तानी गरेको छ । सफ्टवेयर खरिद र १ वर्षको नविकरण गर्दा न्यूनतम तथा अधिकतम कति विद्यार्थीले प्रयोग गरेका छन् अनुगमन गरी प्रयोग गरेको आधारमा खर्च लेख्नुपर्ने रु.

- नतिजामा आधारित भौतिक पूर्वाधारको लागि खरिद भएको भेडा-मिस सिकाइ एप र विद्युतिय सिकाइ प्रणाली क्रमशः १९९००००, १२६५६००।- र १३९९८४४।- समेत रु. ४६५५४४४।- विद्युतिय सिकाइ प्रणालीको जडान सञ्चालन र मर्मतको सुविधा दिनु पर्नेमा वारेन्टी अवधिका धरौटी र प्रणाली सञ्चालनको आवश्यक तालिम नदिएकाले प्रणाली सञ्चालनमा अवरोध हुँदा गतिरोध हुने देखिन्छ । प्रणाली सञ्चालनको लागि अभ्यस्त संस्थाबाट रु. १४६५२६४।-को आवशीय तालिम दिएको देखिन्छ । प्रणालीमा लगाती भएको पूर्वाधारको परिचालन प्रणालीबाट शिक्षण सिकाईको नतिजा रु. १८५५४२८१।- नियमित र निरन्तर सुक्ष्म अनुगमन गरी प्रगति खाकाको समीक्षा हुनुपर्दछ ।
- 

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९५,००० |

२२ **नवप्रवर्द्धन -** सेवा र आर्थिक विकास नवप्रवर्द्धनका माध्यामबाट नवितम सोच र सिर्जनशिलता प्रवर्द्धन गर्न प्रदेश र स्थानीय तह लगानीमा नविनतम नव प्रवर्द्धन साझेदारी मुख्यमन्त्री भौतिक पूर्वाधारमा नतिजमा आधारित यो कार्यक्रममा यो वर्ष देहाय बमोजिम रु. १८५५४२८१।- खर्च भएको छ । सो बाट देखिएका व्यहोरा निम्नानुसार छन ।

| भौ. नं. र मिति | आपूर्तक | विद्यालय/संस्था | रकम | नपाउने |
|---|---|---|---|---|
| ३००-०८०।३।१५ | इन्ग्राल प्रा.लि. | ७ विद्यालयको लागि VEDA-MIS Software | १९९०००० | ८८०५३० |
| ७४,७६-०८०।३।१६ | हाइस्पीड कम्प्युटर | कम्प्युटर/पिन्टर/ल्यापटप | १६८९६८५ | |
| ५-०८०।३।७ | डिजिटल लर्निङ नेपाल | मेरो शिक्षा सिकाइ एप | १२६५६०० | |
| ४२९-०८०।२।२९ | स्मार्ट नेपाल | विद्युतिय सिकाइ प्रणाली विज्ञान,गणित,सामाजिक,कम्प्युटर तालिम | १३९९८४४ | |
| ७-०८०।७।१७ | शसक्तिकरण विकास नेपाल | गणित, सामाजिक, विज्ञान आधारभूत तालिम | १४४५२६४ | |
| ११।०८०।३।१९ | एव्रोमा मल्टी प्रपोज | Touch display stall | ७५९९८८८ | २७ थान |
| ९-०८०।३।१९ | हाइस्पीड कम्प्युटर | कम्प्युटर सहित एचडीएमआइ | ३१६४००० | |
| | | जम्मा | १८५५४२८१ | |

फ्रेन्डस क्लव रिडीमा दुवो रोपणको लागि पुरेको माटोमा १२६ बालुवा घनमिटर प्रतिघमि रु.१७००।- को दरले रु. २१४२००।- खरिद गरेको पाइयो । रिडी र कालिको संगमस्थलमा वालुवा उठाएर ल्याउदा रु.५००।- आउने भएकोले जिल्ला दररेट अनुसार रु. १४२००।- देखिदा लाग्ने करिव प्रतिघमि रु. ५००।- का दरेल रु.६३०००।- हुने हुँदा बढी मूल्याङ्कन गरी क्लवलाई रु. १५१२००।- भूक्तानी दिएको उचित नभएकोले पालिकाले वास्तविक लागत अनुमान तयार गरी भूक्तानी दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२३ **विद्यालय अनुदान-**

✂..... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०। १२।१५ को निर्णयबाट रु. २२३९०००।- सम्परीक्षण गरिएको ।

| प्रमाण पेश नगरेको | ० |
|---|---|

२४ **बाँदर बँदेल हेरालु -** फलफूल र खाद्य वालिको बचाउन वालीको सिजनमा बादर बदेलबाट जोगाउन बादर बदेल हेरालु ५ जना राखी वडास्तरका कार्यक्रमबाट र. १२००००।- खर्च लेखेको छ । उक्त जंगली जनावर हेरालुलाई सोही स्थानको काम लगायतको जिम्मेवारी दिएर अधिकतम प्रयोजन गरी यस प्रकारको जिम्मेवारीलाई समाहिकृत गरी आय गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १,२०,००० |

२५ **आय ठेक्का तर्फ (नदिजन्य पदार्थ -**

२५.१ असुली -

✄..... *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०। १२।१६ को निर्णयबाट रु. १९४७११।- सम्परीक्षण गरिएको ।*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२५.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क मा आफ्नो क्षेत्रभित्र वातारणिय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको स्लेट ढुङ्गा गिरी बालुवा र माटोजन्य बस्तु विक्री गर्नसक्ने व्यवस्था छ । पवित्र कालीगण्डकी नदि, रीडी र बढीगार्ड क्षेत्रमा नदिजन्य पदार्थ जम्मा रहने गरेकाले कार्यालयले २०७६ सालसम्म आय प्रतिस्पर्धा गराइ नदिजन्य पदार्थ विक्री गरी उठाउदै आएकोमा आ.व. २०७७।०७८ र २०७८।०७९ मा ०७८।३।२९ को आन्तरिम आदेशले नदिजन्य पदार्थ संकलन र विक्री स्थगन गरेको देखिन्छ । सो गरेतापनि ठेक्का नलगाइ अमानतबाट उठाएको छ ।

| ठेक्का नं. | स्थान वडा | क्षेत्र | परिमाण घ.मि. | न्यूनतम मूल्य मुअकर समेत | अमानतबाट असूली |
|---|---|---|---|---|---|
| १।०७९।०८० | 1 | काली, रिडी क्षेत्र | ३८८०३ | ९२८९५०८ | ४५९६७४० |
| २।०७८।०७९ | 2 | काली रुद्रवेणी | २३६०० | ६६६७१६५ | ९४९२७० |
| ३।०७८।०७९ | 5 | बगाउने नदी | १२५०० | ३५३१३३७ | १७९९५० |
| | | जम्मा | ७४९०३ | १९४८८०१० | ५७२५९६० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२६ **सामाजिक सुरक्षा तर्फ -**

२६.१ **भत्ता वितरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत

गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वापत यस वर्ष कूल रु. ११११४५८७८४।- वितरण गरेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको ३ वटा वडाहरु वडा नं १, ४ र ५ को परीक्षण गरिएकोमा निम्न व्यहोरा देखियो -

सैद्धान्तिक बेरुजु

२६.२ **नागरिकता नम्बर दोहोरो -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक/वित्तीय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। लेखापरीक्षण योजना अनुसार सबैभन्दा बढी सामाजिक सुरक्षा भत्ता वितरण भएका वडाहरु १, ४ र ५ को परीक्षण गर्दा पालिकाले तपशिलको व्यक्ति/ लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो तथा उल्लेख नै नगरी सामाजिक सुरक्षा भत्ता वापत रु. ७२२६३२।- भुक्तानी गरीएको छ। के कसरी नागरिकता नम्बर दोहोरो तथा उल्लेख नै नभएको हो पालिकाबाट यकिन गर्नुपर्दछ । साथै अन्य वडाहरुमा लाभग्राहीको विवरण समेत अद्यावधिक गरी भत्ता वितरण गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २६.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२६.३ **निष्कृय खाता तथा लगत कट्टा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्कृय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी

तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **बजेट पेश पारीत र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष श्री मिना देवी गौतमले मिति २०७९।३।१० मा रु. ५३ करोड ३७ लाख ७१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१११४५८७८४।एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१२४७६०००।स्थानीय तह प्रशासकीय भवन रु २१६३३९९०। गरिवसंग विशेश्वर कार्यक्रम रु ४६१५५० र अन्य रु. १६३१६००४। समेत गरी रु १६२३४६३२८। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ११४४४८७२४।९२ मौज्दात रहेकोमा यो वर्ष रु. ११४८४३२२४।९२ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३९४५००।बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **अवन्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. ६९७९०००।- अबण्डा बजेट व्यवस्था गरी ४८ योजनामा रु. ५२३४०००।- खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन -

| | | |
|---|---|---|
| 1. | उल्लिखोला वस्ती संरक्षणको तठबन्द | ४७४१०० |
| 2. | श्रृङ्गेश्वर तपोभूमिधाम सिडी निर्माण | ७९७२९९ |
| 3. | राष्ट्रिय मा.वि. कम्पाउण्ड वाल निर्माण | २४१६५९ |

सैद्धान्तिक बेरुजु

३२ **लक्ष्य प्रगती -** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति निम्नानुसार देखिन्छ। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरी तोकिएको लक्ष्य प्राप्तिमा पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **क्षेत्रगत बजेट र खर्चको स्थिती -** क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४५९२९ | ४१०२३ | ६.६० |
| २ | पूर्वाधार विकास | १६९९४२ | ९९५२५ | १६.०३ |
| ३ | सामाजिक विकास | २७९३३५ | २५४४२४ | ४०.९८ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५९०० | ९९५९ | १.६० |

| | | | | |
|---|---|---|---|---|
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १०९६६८ | ८५६२१ | १३.७९ |
| जम्मा | | ६२०७७४ | | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये ६२०७७४ मा सबैभन्दा बढी सामाजिक विकासमा ४०.९८ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशानमा मा सबै भन्दा घटीमा १.६ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

३४ **दरवन्दी तथा पद पुर्ति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत छैठौं, लेखा अधिकृत, सहायक पाँचौ सहित ७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४१ कर्मचारीको रु. १४०१६०००।- र पालिकाका २७ कर्मचारीको रु. ११२२९०००।- समेत रु. २५२४५०००।- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **खरिद योजना -**

३६.१ सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक

खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १६२३३७९२६।पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६.२ सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ। पालिकाले ३ पटक सार्वजनिक परीक्षण गराइ रु. १५५०००।- खर्च गरेको छ ।

अनुदानको अनुगमन — सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार कृषि, पशु, बीउपूँजीमा अनुदान स्वरुप रु. ३८००००।- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **विविध खर्च -**

३७.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १५०००००।- खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

३७.२ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ र प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नु ब्यवस्था छ । पालिकाले आर्थिक सहायता सम्बन्धी कार्यबिधि तर्जुमा गरी आ.व. २०७९/०८० मा आर्थिक सहायता र प्रकोप व्यवस्थापन शिर्षकमा बजेट विनियोजन गरी बिरामी भएका व्यक्ति, जटिल रोग, प्राकृतिक विपत्ति, राहत लगायतका कार्यको लागि १४४२०००।- वितरण गरको छ । उक्त रकम

पालिकाको कुल आन्तरिक आयको रु. १२१२५७४१।- को ११.८९ प्रतिशत रकम वितरण गरेको देखिन्छ ।यसरी ऐनको व्यवस्था विपरित आर्थिक सहायता बितरण सम्बन्धी कार्यमा नियन्त्रण गरी सार्बजनिक स्रोतलाई उत्पादन मुलक क्षत्रमा परिचालन गर्ने तर्फपालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७.३ प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा गोरेटो बाटो, सिडी, फड्के, ग्याविन जाली निर्माण लगायतका योजना सञ्चालन गरी यस वर्ष ८० जनालाई ९५ दिन देखि १०० दिन रोजगारी उपलव्ध गराई रु. ६४५७४३२।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **सेवा प्रवाह** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकालेवाट प्राप्त विवरण अनुसार सेवा प्रवाह गरेको पाइयो । साथै देखाइएकोमा अन्य कुन—कुनमा हो भनी यकिन हुन सकिएन ।

| **विवरण** | **जम्मा** |
|---|---|
| घटना दर्ता | ६१०३ |
| घरबाटो सिफारिष | १६० |
| नागरिकता सिफारिष | ९६७ |
| नाता प्रमाणित | ५६३ |
| अन्य | ५७७ |

सैद्धान्तिक बेरुजु

३९ **योजना प्राथमिकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा कुल ३३१ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.. | विवरण | योजना संख्या | रकम (रु. हजारमा) |
|---|---|---|---|
| 1. | रु.१ लाखभन्दा कमको योजना | ८० | ४५०२ |
| 2. | रु. १ लाख एकदेखि ५ लाख सम्मका योजना | १८० | २९६३९ |
| 3. | रु. ५ लाखदेखि १० लाख सम्मका योजना | ३१ | १९८२१ |
| 4. | रु.10 लाख एकदेखि ५० लाख सम्मका योजना | २९ | ४०९५० |
| 5. | रु. ५० लाख भन्दा माथिका | ११ | ८४५०० |
| | जम्मा | ३३१ | १७९४१२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।

सैद्धान्तिक बेरुजु

४० **त्रैमासिक खर्च** - कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति निम्नानुसार देखिन्छ। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरी तोकिएको लक्ष्य प्राप्तिमा पालिकाले ध्यान दिनुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु. हजारमा) | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १६२३३८ | ११००४ | १०१६६ | ३३९०७ | १०४२६१ | ६०२२७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रतिशत | १६२३३८ | ६।७८ | ६।२६ | २०।८८ | ६४।२२ | ३७।०९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १६२३३८।निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ११००४.( ६.७प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १०१६६ ( ६.२६ प्रतिशत) तेस्रो त्रैमासिकमा रु.३३९०७ (२०.८८.प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.. ६०२२७.(३७.०९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

४१ **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९।०८० मा कन्टीन्जेन्सी कट्टी गरी रु. १२८९०००।- खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

सैद्धान्तिक बेरुजु

४२ **परामर्श तथा डिपिआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | निर्धारण भएको लागत |
|---|---|---|---|---|
| सडक गुरु योजना | एभरेष्ट ग्रुप अफ इन्जिनियरिङ्ग प्रा.लि | १०००००० | ९९८००० | |
| बढिगार्ड, रिडीखोला, र शब्दाहाघाट आइ.इइ. | १ अस्त्र इन्जिनियरिङ्ग<br>२ इगल्स सोलुसन प्रा.लि. | १०००००० | ९९२००० | |
| जम्माः | | २०००००० | १९९०००० | |

डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३१वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **सफट वयेर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धित सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. ३२५५०००।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

४५ **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन -

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।

• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **कानुन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि यस पालिकाले हालसम्म ४ वटा ऐन, ७ कार्यविधि लगायत ११ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

४७ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्योँट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो वर्ष थप भएको २८ गरी कुल ३३ विवाद दर्ता भएकोमा २२ वटा मात्र फस्योँट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योँट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १२२३७०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १२१२५७४१।- अर्थात अनुमान भन्दा ०.९० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

४९ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३८७७४0000 | १२१२५७४१ | ३..१३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.१३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५० **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ -

| प्रासी भुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |

| | | | | |
|---|---|---|---|---|
| प्राप्ती (क+ख) | | ५४,०५,१७,०६४.९३ | ५०,५६,२५,१६४.५५ | ५०,५६,२५,१६४.५५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५२,६०,३१,०००.०० | ४८,३४,०४,९८०.०५ | ४८,३४,०४,९८०.०५ |
| ११००० कर | ११ | ८,१३,०६,०००.०० | ६,६२,०१,९७९.५० | ६,६२,०१,९७९.५० |
| १३००० अनुदान | | ४३,३९,८९,०००.०० | ३९,७३,४४,४०४.७६ | ३९,७३,४४,४०४.७६ |
| संघीय सरकार | १२ | ३९,४८,६०,०००.०० | ३६,२९,३०,११०.७६ | ३६,२९,३०,११०.७६ |
| प्रदेश सरकार | १२ | ३,९१,२९,०००.०० | ३,४४,१४,२९४.०० | ३,४४,१४,२९४.०० |
| १४००० अन्य राजस्व | | १,०७,३६,०००.०० | १,९८,५८,५९५.७९ | १,९८,५८,५९५.७९ |
| ख. अन्य प्राप्ति | | १,४४,८६,०६४.९३ | २,२२,२०,१८४.५० | २,२२,२०,१८४.५० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० |
| कोषहरु | | १,४४,८६,०६४.९३ | १,४३,८०,२८१.५० | १,४३,८०,२८१.५० |
| धरौटी | | ० | ७८,३९,९०३.०० | ७८,३९,९०३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६३,५५,६०,४७४.५७ | ५०,०७,८४,५६०.२३ | ५०,०७,८४,५६०.२३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६२,१०,७४,४०९.६४ | ४९,०५,५२,९९७.७३ | ४९,०५,५२,९९७.७३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २४,९७,४१,०००.०० | २२,७०,९१,७३८.९६ | २२,७०,९१,७३८.९६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११,७९,६०,१४५.०० | ९,५२,५४,१५१.७७ | ९,५२,५४,१५१.७७ |
| २५००० सहायता (Subsidy) | १८ | ७,००,०००.०० | ३,१३,७८४.०० | ३,१३,७८४.०० |
| २६००० अनुदान | १८ | ९,००,०००.०० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ५४,४३,५००.०० | ४१,६६,४८७.०० | ४१,६६,४८७.०० |
| २८००० अन्य खर्च | १८ | २१,००,०००.०० | १३,८८,९१०.०० | १३,८८,९१०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २४,४२,२९,७६४.६४ | १६,२३,३७,९२६.०० | १६,२३,३७,९२६.०० |

| | | | | |
|---|---|---|---|---|
| घ. अन्य भूक्तानी | | १,४४,८६,०६४.९३ | १,०२,३१,५६२.५० | १,०२,३१,५६२.५० |
| कोषहरु | | १,४४,८६,०६४.९३ | ७७,४९,४०७.५० | ७७,४९,४०७.५० |
| धरौटी | | ० | २५,२३,३०४.०० | २५,२३,३०४.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -४१,१४९.०० | -४१,१४९.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | (९,५०,४३,४०९.६४) | ४८,४०,६०४.३२ | ४८,४०,६०४.३२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ११,४८,४३,२२४.९२ | ११,४८,४३,२२४.९२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (९,५०,४३,४०९.६४) | ११,९६,८३,८२९.२४ | ११,९६,८३,८२९.२४ |
| बैंक तथा नगद बाकी | २४ | | ११,९१,६७,१५७.३८ | ११,९१,६७,१५७.३८ |

सैद्धान्तिक बेरुजु

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८० -

कार्यालय र स्थान: रुरुक्षेत्र गाउँपालिका, गुल्मी , रुरुक्षेत्र गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लक्ष्मण पाण्डे | २०८०-४-२८ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | मधुकृष्ण पौड्याल | २०७८-५-२ | २०८०-४-२८ |
| लेखा प्रमुख | हेम बहादुर कार्की | २०७९-५-३० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मनिश पाण्डे | २०७८-४-१ | २०७९-५-२९ |

बेरुजु वर्गीकरण -

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २०२०६७० | ६,९१०,३६५ | ९९५००० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १३,५८०,२५६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३,६५४,२२१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ९,९२६,०३५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ९५०४३४०९ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३८७७४०००० | चालु खर्च | ३२८२१५०७१ |
| प्रदेश सरकारबाट अनुदान | ३५८०५१५४ | पूँजीगत खर्च | १६२३३७९२६ |
| राजश्व बाँडफाँट | ७२८८७०५७ | वित्तीय/अन्य व्यवस्था | १९१६८३२७७ |
| आन्तरिक आय | १२६९८०९५ | | |
| अन्य आय | २०४४००७१६ | | |
| कुल आय | ७१३५३१०२२ | कुल खर्च | ६८२२३६२७४ |
| बाँकी मौज्दात | | १२६३३८१५७ | |

**बेरूजु दफा २६.२ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| Social Assistance Type Name | Ward No. | Personal Id | Member Name | Gender | Birth Date BS | Citizen No | Bank Account No | DP Amount |
|---|---|---|---|---|---|---|---|---|
| Senior citizen's allowance-Others | 1 | 2008100402354 | Devikala Gyawali | FEMALE | 04-10-2008 | 15243 | 416005079128016 | 48000 |
| Senior citizen's allowance-Others | 1 | 2000061200952 | Harikala Gyawali | FEMALE | 12-6-2000 | 15243 | 416000969639016 | 48000 |
| Senior citizen's allowance-Others | 1 | 2008041004384 | Dil Kumari Gharti | FEMALE | 10-04-2008 | 15820 | 416000970176011 | 48000 |
| Senior citizen's allowance-Others | 1 | 2003100402355 | Narmada Gyawali | FEMALE | 4-10-2003 | 15820 | 416000971260016 | 48000 |
| Full Disability | 1 | 2032060701522 | Gita Gyawali | FEMALE | 07-06-2032 | 413025305 | 416005114013014 | 47880 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Severely Disabled Grant | 1 | 2043112100795 | Kalpana Gaha | FEMALE | 21-11-2043 | 413025305 | 416001582853016 | 25536 |
| Senior citizen's allowance-Others | 4 | 1998081503173 | Yamkaladevi Gyawali | FEMALE | 15-8-1998 | 10833 | 0121110005247400002 | 48000 |
| Senior citizen's allowance-Dalit | 4 | 2018040800815 | Dhan Bahadur Sarki | MALE | 08-04-2018 | 10833 | 0121110017045300002 | 31920 |
| Senior citizen's allowance-Others | 4 | 2009061801659 | Kabiraj Gautam | MALE | 18-06-2009 | 1393 | 0121110055166500002 | 32000 |
| Senior citizen's allowance-Others | 4 | 1998072500795 | Chhabilal Gyawali | MALE | 25-7-1998 | 1393 | 0121110006715100001 | 48000 |
| Senior citizen's allowance-Others | 4 | 1990101300508 | Reseram Gautam | MALE | 13-10-1990 | 9393 | 0121110005202200002 | 48000 |
| Widow | 4 | 2021031800349 | Putaladevi Shrestha | FEMALE | 18-03-2021 | 9393 | 0121110005301900003 | 31920 |
| Senior citizen's allowance-Others | 5 | 2009080704144 | KAMALA PURI | FEMALE | 07-08-2009 | 11942 | 0121110017119600007 | 32000 |
| Senior citizen's allowance-Others | 5 | 2003022400487 | Bhesh Raj Puri | MALE | 24-2-2003 | 11942 | 0121110013476400002 | 48000 |
| Senior citizen's allowance-Dalit | 5 | 2013101800671 | Putala Nepali | FEMALE | 18-10-2013 | 11984 | 0121110015221600001 | 31920 |
| Severely Disabled Grant | 5 | 2034052500714 | TEMAKALA PANTHI | FEMALE | 25-5-2034 | 11984 | 0121110017537300001 | 25536 |
| Senior citizen's allowance-Others | 5 | 2006060601205 | Jhupakala Giri | FEMALE | 6-6-2006 | 12314 | 0121110013856700001 | 48000 |
| Senior citizen's allowance-Dalit | 5 | 2012101400912 | Khuni Kami | MALE | 14-10-2012 | 12314 | 0121110015165600001 | 31920 |
| | | | | | | | Total | 722632 |